प्रदेश सरकार
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं १, विराटनगर

प.सं. २०७७/०७८

e-mail: molmacbiratnagar@gmail.com
फोन: ०२१-४७०१५८

च.नं १५४९

मितिः२०७८।०३।१३

विषय : १८ औं राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव २०७८ मा Covid-19 Pandemic का सम्बन्धमा अपनाउनु पर्ने Protocol सम्बन्धमा ।

श्री कृषि विकास निर्देशनालय,
प्रदेश नं १, विराटनगर ।
श्री कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालीम केन्द्र,
प्रदेश नं १, झुम्का, सुनसरी ।
श्री कृषि ज्ञानकेन्द्रहरु(सबै),
प्रदेश नं १ ।
श्री स्थानीय तहहरु(सबै),
प्रदेश नं १ ।

प्रस्तुत विषयमा यही आषाढ १५ गते राष्ट्रव्यापी रुपमा मनाइने धान दिवसमा कोभिड-१९ महामारी संक्रमणको जोखीमलाई मध्यनजर गर्दै यस ईमेलसाथ संलग्न प्रोटोकलको पालना गर्न गराउनुहुन अनुरोध छ ।

२०७८।३।१२

निरु दाहाल पाण्डे
सचिव
सचिव

१८ औं राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव २०७८ मा Covid-19 Pandemic का सम्बन्धमा अपनाउनु पर्ने Protocol

कोभिड १९ रोग विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिएको तथा नेपालमा पनि यस महामारीको प्रकोप बढ्दै गएको छ । कोभिड १९ रोगको जोखिम अवस्थामा समेत कृषि कर्मलाई नियमित नराखे निकट भविष्यमा खाद्य तथा पोषण असुरक्षाको अवस्था आउनसक्ने सम्भावना भएकोले कृषि सम्बन्धी गतिविधीहरु आवश्यक सतर्कता अपनाई नियमित गर्न आवश्यक रहेको छ। यस परिप्रेक्ष्यमा मिति २०७८ असार १५ गते **"धान उत्पादनमा वृद्धिः खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धि"** नाराका साँथ १८ औ राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव २०७८ मनाउने सन्दर्भमा कोभिड १९ रोगको संक्रमणबाट बच्न अपनाउनु पर्ने सावधानीका उपायसहित देहाय बमोजिमको Protocol तयार गरिएको छ ।

१. कोभिड १९ रोगको संक्रमणबाट बच्न नेपाल सरकारले तोकेको मापदण्डको पूर्ण पालनाकासाथ राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव मनाउने । न्यूनतम सामाजिक दुरी २ मिटर कायम हुने गरी स-साना उपसमूहमा रहेर रोपाई महोत्सव आयोजना गर्ने ।
२. कार्यक्रम स्थलमा उपयोग भएका फर्निचर तथा अन्य सामग्री निसंक्रमण गर्ने तथा सो को व्यवस्थापन गर्दा कम्तिमा २ मिटरको दूरी कायम राख्ने ।
३. प्रदेशभित्र तथा स्थानीय स्तरमा धान दिवस तथा रोपाई महोत्सव मनाउँदा संयुक्त आयोजनामा संचालन गर्ने तथा संभव भएसम्म सरकारी फार्म केन्द्रमा मनाउने ।
४. रोपाई महोत्सव प्रवेश विन्दुमा संभव भएसम्म Prescreen Test- तापक्रम तथा लक्षण पहिचानको व्यवस्था गर्ने। परीक्षण गर्दा १००.४ $^{0}$F भन्दा बढी ज्वरो कसैमा पाइएमा कार्यक्रम स्थल प्रवेशमा रोक लगाउने ।
५. रोपाई महोत्सव प्रवेश विन्दुमा सावुन पानीले हात धुने व्यवस्था, गुणस्तरीय स्यानिटाइजर र मास्क अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाउने ।
६. रोपाई गर्दा खेतमा व्यक्तिहरुबीच पर्याप्त सामाजिक दुरी (कम्तिमा २ मिटर) कायम गर्न स-साना क्षेत्र निर्धारण गरी रोपाई गर्ने ।
७. रोपाई महोत्सव गर्दा अन्य सांस्कृतिक, परम्परागत तथा मनोरन्जनात्मक (हिलो छ्याप्ने) गतिविधि नगर्ने ।
८. रोपाई गर्दा, खाजा वा चिया खाने बेला, आवत जावत गर्दा कम्तिमा २ मिटरको दूरी कायम राख्ने, व्यक्तिगत सुरक्षार्थ मास्क लगाउने ।
९. रोपाई महोत्सवमा तयारी खाजाहरुको व्यवस्था गर्ने, खाजा व्यवस्थापनमा सुरक्षात्मक उपायहरुको अवलम्बन गर्ने ।
१०. रोपाई महोत्सवमा संभव भएसम्म कम श्रम लाग्ने प्रविधि तथा मेशिनहरूको प्रयोग गर्ने, सकेसम्म थोरै मानिसहरू संलग्न हुने। कृषि मेसिनरीहरुको प्रयोग अघि र पछि साबुन पानीले हात धुने तथा निसंक्रमणमा पर्याप्त ध्यान दिने ।
११. रोपाई हुने क्षेत्रमा रोपाई पश्चात सावुन पानीले हात धुने व्यवस्था, गुणस्तरीय स्यानिटाइजरको व्यवस्था मिलाउने ।
१२. कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट जारी गरिएको Covid-19 Pandemic का सम्बन्धमा कृषि क्षेत्रले अपनाउनुपर्ने Protocol को पालना गर्ने गराउने ।